# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ | काठमाडौं, माघ २६ गते २०३२ साल [संख्या ४३


श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

हुलाक (दोस्रो संशोधन) नियमावली, २०३२

हुलाक नियमावली, २०३० (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

हुलाक ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "हुलाक (दोस्रो संशोधन) नियमावली, २०३२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल नियमावलीको नियम ३ मा संशोधनः– मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छः–

"३. चिट्ठीको आकार प्रकार र तौलः–(१) चिट्ठीको लम्बाइ, चौडाइ र मोटाइ जम्मा गरेर ९०० मिलिमिटरभन्दा बढी हुनु हुँदैन र लम्बाइ, चौडाइ र मोटाइ मध्ये एक आयाम (डायमेन्सन) ६०० मिलिमिटरभन्दा बढी हुनु हुँदैन। बेरेर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गोल पारेमा लम्बाइ र दुई गुना ब्यास (डायमिटर) जोड्दा बढीमा १०४० मिलिमिटरसम्म हुन सक्नेछ। तर एक आयाम ९०० मिलिमिटरभन्दा बढी हुनु हुँदैन।

(२) पातलो साइजको चिट्ठीको हकमा लम्बाइ र चौडाइ १४०+९० मिलिमिटरभन्दा कम हुनु हुँदैन र बेरेर गोल पारेमा लम्बाइ र दुई गुना ब्यास जोड्दा १७० मिलिमिटरसम्म हुनै पर्दछ। तर एक आयाम १०० मिलिमिटर-भन्दा कम हुनु हुँदैन।

(३) चिट्ठीको अधिकतम तौल दुई किलोभन्दा बढी हुनु हुँदैन। चिट्ठीको अगाडि पट्टि ठेगाना, हुलाक टिकट, हुलाक अड्डाले टाँस्नु पर्ने लेवलको निमित्त पर्याप्त ठाउँ हुनु पर्छ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः– (१) मूल नियमावलीको नियम ५ को पहिलो हरफमा रहेको "र जवाफी दुई" भन्ने शब्दहरू झिकिएको छ।

(२) मूल नियमावलीको नियम ५ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) हुलाकपत्र दरो बलियो कागजको हुनु पर्छ जस्को लम्बाइ र चौडाइ बढीमा १४०+११५ मिलिमिटर र घटीमा १४०+९० मिलिमिटरसम्म हुनु पर्छ।"

४. मूल नियमावलीको नियम ६ खारेजः– मूल नियमावलीको नियम ६ खारेज गरिएको छ।

५. मूल नियमावलीको नियम ७ मा संशोधनः– मूल नियमावलीको नियम ७ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :–

"(ग) हवाईपत्रभित्र कुनै चीज खाम्न हुँदैन। खामेमा सतह डाँकबाट जानेछ। टिकट बाहेक अन्य चीज टाँस्न पनि हुँदैन।"

६. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ मा रहेको "१० पैसाको" भन्ने अङ्क र शब्दको सट्टा श्री ५ को सरकारबाट तोके बमोजिमको" भन्ने शब्द राखिएको छ।

७. मूल नियमावलीको नियम ९ मा संशोधनः– मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः–

"९. व्यापारिक जवाफी हुलाकपत्र र खामः– व्यापारिक जवाफी हुलाकपत्र र व्यापारिक जवाफी खामको हुलाक महसूल अग्रिम चुक्ति नभएको भए तापनि असूल गर्नु पर्ने रकम डेलिभरी गर्दा ठेगानावालाबाट नगदमा असूल गरिनेछ। यस सेवाको उपयोग गर्न चाहने व्यक्तिले सम्बन्धित हुलाक नियन्त्रण कार्यालयबाट अनुमतिपत्र लिनु पर्छ। कस्तो व्यक्तिलाई यस किसिमको सहूलियत दिने हो भन्ने कुरा र यस्तो सहूलियत पाउने व्यक्तिले यस सेवाको उपयोग गर्नुभन्दा अगाडि तिर्नु पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तूर र पालन गर्नुपर्ने शर्त, बन्देज तथा तरीका श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ ।

८. मूल नियमावलीको नियम १० मा संशोधनः– (१) मूल नियमावलीको नियम १० को उप-नियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) छापा कागजपत्रको प्याकेटको लम्बाइ, चौडाइ र मोटाइ तथा अधिकतम तौल चिट्ठी सरह नै हुनेछ ।

तर एउटै किताब भए पाँच किलोसम्म चलाउन सकिनेछ ।"

(२) मूल नियमावलीको नियम १० को उप-नियम (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः–

"(छ) एउटै व्यक्तिले एउटै व्यक्तिको ठेगानामा डेलिभरी हुने गरी छापा कागजहरू विशेष थैलामा बन्द गरी पठाउँदा प्रापक र प्रेषक दुबैको नाम र ठेगाना लेख्नु पर्नेछ । यसरी पठाउने थैलाको तौल पच्चीस किलोग्रामभन्दा बढी हुनु हुँदैन । थैलाको तौल र त्यसमा लाग्ने महसूलदरको कूल अङ्क थैलाको लेबुलमा लेख्नु पर्नेछ । त्यसरी पठाइएका विशेष थैला डेलिभरी हुन नसकी फिर्ता आएमा शुरूकै हुलाकबाट पठाउँदा लाग्ने सरहको महसूल प्रेषकबाट पुनः बुझी लिएर मात्र फिर्ता गरिनेछ ।"

९. मूल नियमावलीको नियम ११ मा संशोधनः– मूल नियमावलीको नियम ११ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः–

"(ञ) नमूना प्याकेटको लम्बाइ, चौडाइ र मोटाइ चिट्ठी सरह नै हुनेछ र त्यसको अधिकतम तौल दुई किलोसम्म हुन सक्नेछ ।"

१०. मूल नियमावलीको नियम १२ मा संशोधनः– मूल नियमावलीको नियम १२ को उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छः–

"(३) व्यापारिक कागजपत्रहरूको प्याकेटको लम्बाइ, चौडाइ र मोटाइ तथा तौल चिट्ठी सरह नै हुनेछ ।"

११. मूल नियमावलीको नियम १३ मा संशोधनः– मूल नियमावलीको नियम १३ को खण्ड (ङ) र (च) को सट्टा देहायको खण्ड (ङ) र (च) राखिएको छः–

"(ङ) अन्धासाहित्यको प्याकेटको लम्बाइ, चौडाइ र मोटाइ चिट्ठी सरह नै हुनेछ र त्यसको अधिकतम तौल सात किलोसम्म मात्र हुन सक्नेछ ।

(च) अन्धासाहित्यको प्याकेट उपरोक्त खण्डहरू अनुसार नभएमा चलान गरिने छैन र प्रेषककहाँ फिर्ता पठाइनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२२

१२. मूल नियमावलीको नियम १४ मा संशोधनः– (१) मूल नियमावलीको नियम १४ को उप-नियम (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :–

"(ख) हुलाक नियन्त्रण कार्यालयमा दर्ताको निमित्त दरखास्त गरिंदा समाचारपत्र पत्रिका प्रकाशित हुने जिल्लाको प्रमुख जिल्ला अधिकारी वा अञ्चलाधीश कार्यालयबाट लिइएको दर्ताको प्रमाणपत्र, आफूले पत्रपत्रिका दाखिल गर्न चाहेका हुलाकको नाम, तीस जना वास्तविक ग्राहकहरूको नाम र दुई प्रति समाचारपत्र पत्रिका समेत पेश गर्नु पर्नेछ।

तर नेपाल अधिराज्यस्थित विदेशी राजदूतावासबाट नेपाल अधिराज्यभित्र प्रकाशित गरेको समाचारपत्र पत्रिकाको हकमा दर्ताको प्रमाणपत्र पेश गर्नु पर्ने छैन।"

(२) मूल नियमावलीको नियम १४ को उप-नियम (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) समाचारपत्र पत्रिका दर्ता गर्दा नियन्त्रकले तोकेको दिन र समयमा तोकिदिएको हुलाकमा दाखिल गर्नु पर्नेछ। दाखिलाको लागि हुलाक तोक्दा नियन्त्रकले आफ्नो अञ्चलबाहेक अरू अञ्चलमा पर्ने हुलाकहरू पनि तोक्न सक्नेछ।

तर एउटै पत्रिकाको लागि पाँच वटाभन्दा बढी हुलाकको नाम तोक्न सक्ने छैन।"

१३. मूल नियमावलीको नियम १६ मा संशोधनः– (१) मूल नियमावलीको नियम १६ को उप-नियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) पुलिन्दाको लम्बाइ एक मिटरसम्म हुन सक्नेछ। मोटाइ र लम्बाइ मिलाउँदा १.८ मिटरभन्दा बढी हुनु हुँदैन। यसको तौल सतहबाट जाने भएमा बढीमा दश किलोग्रामसम्म र हवाईमार्गबाट जाने भएमा बढीमा पाँच किलोसम्म हुन सक्ने छ।"

(२) मूल नियमावलीको नियम १६ को उप-नियम (२) को खण्ड (ङ) को उप-खण्ड (१) मा रहेको "१।३ इञ्च" भन्ने अङ्क र शब्दको सट्टा "८.४ मिलिमिटर" भन्ने अङ्क र शब्द" र १।४ इञ्च" भन्ने अङ्क र शब्दको सट्टा "६.३ मिलिमिटर" भन्ने अङ्क र शब्द राखिएको छ।"

१४. मूल नियमावलीको नियम १७ मा संशोधनः– मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छ।

"१७. टिकटको मोल चुक्ति गर्नु पर्नेः– (१) पुलिन्दामा लाग्ने महसूल अग्रिम चुक्ता गरी हुलाकमा दाखिल गर्नुपर्छ। यसरी दाखिल भएको प्रत्येक पुलिन्दाको रजिष्ट्रेशन गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम रीत नपुऱ्याइएको पुलिन्दा प्रेषककहाँ फिर्ता पठाइने छ। सो बस्तु पुनः दाखिल गर्न चाहेमा नयाँ हुलाक बस्तुसरह महसूल लाग्नेछ।

१५. मूल नियमावलीको नियम १८ मा संशोधनः– मूल नियमावलीको नियम १८ को सट्टा देहायको नियम १८ राखिएको छ :–

"१८. गोदाम भाडामा छूट दिन सकिने:– कुनै व्यक्ति वा संस्थाबाट दान दातव्यको रूपमा कुनै सार्वजनिक संस्थालाई प्राप्त हुन आएको पुलिन्दाहरूको भन्सार महसूल छूट गर्ने कारवाईको सिलसिलामा धरौटीमा रही गोदाम भाडा लाग्ने भएमा गोश्वारा हुलाकको मुख्य हुलाक हाकिम वा क्षेत्रीय हुलाक निर्देशकको सिफारिश मा महानिर्देशकले आंशिक वा पूर्णतया गोदाम भाडा छूट दिन सक्नेछ।

१६. मूल नियमावलीको नियम २६ मा संशोधनः–मूल नियमावलीको नियम २६ मा रहेको "यस नियमको परिच्छेद ८ मा लेखिए बमोजिम थप दस्तूर तिरेर मात्र" भन्ने वाक्यांश-को सट्टा "प्रचलित हवाई महसूलदर तिरेर मात्र" भन्ने वाक्यांश राखिएको छ।

१७. मूल नियमावलीको नियम २८ मा संशोधनः– (१) मूल नियमावलीको नियम २८ को उप-नियम (१) मा रहेको "फिर्ति रसीदमा परिच्छेद ८ बमोजिम लाग्ने टिकट टाँसी" भन्ने वाक्यांशको सट्टा "फिर्ति रसिदको शुल्क समेतको टिकट टाँसी" भन्ने वाक्यांश राखिएको छ।

(२) मूल नियमावलीको नियम २८ को उप-नियम (२) मा रहेको "परिच्छेद ८ बमोजिमको दस्तूरको" भन्ने शब्दको सट्टा "सोधनी दस्तूरको" भन्ने शब्दहरू राखिएको छ।

१८. मूल नियमावलीमा नियम ३० क थपः– मूल नियमावलीको नियम ३० पछि देहायको नियम ३० क थपिएको छः–

"३० क रजिष्टरीको सोधपूछ र क्षतिपूर्तिः– (१) मनासिव माफिकको समयभित्र ठेगानावालालाई रजिष्टरी प्राप्त हुन नसकेमा प्रेषकले रजिष्टरी दर्ता गरेको हुलाक कार्यालय वा सम्बन्धित हुलाक नियन्त्रण कार्यालयमा सोधनी दस्तूरको टिकट टाँसी नेपाल अधिराज्यभित्र पठाएको रजिष्टरीको हकमा सो दर्ता भएको मितिले ६ महीनाभित्र र विदेशमा पटाएको रजिष्टरीको हकमा एक वर्षभित्र खोज तलाशको लागि आवेदन दिन सक्नेछ।

(२) उप-नियम (१) बमोजिमको म्यादभित्र आवेदन परेमा सम्बन्धित हुलाक कार्यालयले उक्त रजिष्टरी आन्तरिक रजिष्टरी भए जुन बाटोबाट गएको छ सोही बाटोबाट सोधनी गरिनेछ। वैदेशिक रजिष्टरी भए विश्व हुलाक संघको कन्भेन्शन मुनासिव इन्क्वायरी फाराम सी ९ (८१) भरी सोधनी गरिनेछ।

(३) रजिष्टरी हराएको ठहरेमा हराए बापत प्रत्येक रजिष्टरीको आन्तरिक रजिष्टरी भए एक सय रूपैयाँसम्म र वैदेशिक रजिष्टरी भए विश्व हुलाक संघको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कन्भेन्शनले तोके अनुसारको रकम प्रेषकलाई क्षतिपूर्ति दिइनेछ । तर त्यस्तो क्षतिपूर्तिको अङ्क प्रेषकले ठेगानावालालाई दिन चाहेमा ठेगानावालालाई नै दिइनेछ ।

(४) क्षतिपूर्ति पाइसकेपछि कुनै किसिमले हराएको रजिष्टरी प्राप्त हुन आएमा जुन अवस्थामा प्राप्त हुन आएको छ सो अवस्थाको रजिष्टरी लिन ठेगानावाला र प्रेषकलाई सूचना गरिनेछ । ठेगानावाला वा प्रेषकले रजिष्टरी फिर्ता लिन आएमा पहिले क्षतिपूर्ति बापत लिइसकेको रकम फिर्ता बुझाउनु पर्नेछ ।

१९. मूल नियमावलीको नियम ३३ मा संशोधनः— मूल नियमावलीको नियम ३३ को सट्टा देहायको नियम ३३ राखिएको छ :—

"३३. बीमा महसूलदरः— हुलाक वस्तु बीमा गरे बापत हुलाक महसूल र रजिष्टरी दस्तूरमा श्री ५ को सरकारले तोके बमोजिम थप बीमा महसूल लाग्नेछ ।"

२०. मूल नियमावलीको नियम ३८ मा संशोधनः— मूल नियमावलीको नियम ३८ को खण्ड (घ) मा रहेको "३ महीना" भन्ने अङ्क र शब्दको सट्टा "६ महीना" भन्ने अङ्क र शब्द राखिएको छ ।

२१. मूल नियमावलीको नियम ५५ मा संशोधनः— मूल नियमावलीको नियम ५५ को उप-नियम (२) पछि देहायको उपनियम (३) र (४) थपिएको छः—

"(३) अन्तर्राष्ट्रिय जवाफीपत्र (इन्टरनेशनल रिप्लाई कूपन) प्रचलनमा ल्याउँदा त्यसको सटहीदर महा-निर्देशकले विश्व हुलाक संघको कन्भेन्शनको आधारमा तोक्न सक्नेछ ।

(४) संयुक्त राष्ट्र संघबाट विक्रीको लागि प्राप्त भएका टिकटहरू हुलाक तथा फिलाटेलिक ब्यूरोहरूद्वारा विक्री गराउन महा-निर्देशकले तोकि दिन सक्नेछ ।"

२२. मूल नियमावलीको नियम ५६ मा संशोधनः— मूल नियमावलीको नियम ५६ को उप-नियम (१) मा रहेको "रू. २।- दस्तूर लाग्ने" भन्ने अङ्क र शब्दहरूको सट्टा "श्री ५ को सरकारले तोकिदिए बमोजिमको दस्तूर लिई" भन्ने शब्दहरू राखिएको छ ।

२३. मूल नियमावलीको नियम ५७ मा संशोधनः— मूल नियमावलीको नियम ५७ को खण्ड (ख) मा रहेको "परिच्छेद ८ मा लेखिए बमोजिमको" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारले तोकिदिए बमोजिमको" भन्ने शब्दहरू राखिएको छ ।

२४. मूल नियमावलीको नियम ६३ मा संशोधनः—मूल नियमावलीको नियम ६३ मा रहेको "प्रत्येक आर्थिक वर्षभरको निमित्त रू. २०।— र प्रत्येक ६ महीना वा सोभन्दा कम महीनाको लागि रू. १२।— दस्तूर लाग्नेछ" भन्ने वाक्यांशको सट्टा "श्री ५ को सरकारले तोकिदिए बमोजिमको दस्तूर लाग्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. मूल नियमावलीमा नियम ६३ क थपः— मूल नियमावलीको नियम ६३ पछि देहायको नियम ६३ क थपिएको छः—

"६३ क हुलाक थैलाको सहूलियतः— रजिष्टरी नभएका हुलाक वस्तुहरू हुलाक थैलाको माध्यमबाट हुलाकहरूमा डेलिभरी लिन सक्नेछ र हुलाक थैलासम्बन्धी शर्त, बन्देज तथा तरीका महा-निर्देशकले तोकिदिए बमोजिम हुनेछ।"

२६. मूल नियमावलीको नियम ६४ मा संशोधनः— मूल नियमावलीको नियम ६४ मा रहेको "।५० पचास पैसा" भन्ने अङ्क र शब्दहरूको सट्टा "श्री ५ को सरकारले तोकिदिए बमोजिमको दस्तूर" भन्ने शब्दहरू राखिएको छ।

२७. मूल नियमावलीको नियम ६५ मा संशोधनः— मूल नियमावलीको नियम ६५ मा रहेको "।५ पैसा" भन्ने अङ्क र शब्दको सट्टा "श्री ५ को सरकारले तोकिदिए बमोजिमको" भन्ने शब्दहरू राखिएको छ।

२८. खारेजीः— मूल नियमावलीको परिच्छेद ८ खारेज गरिएको छ।

आज्ञाले—
तीर्थराज तुलाधर
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२८